## नेपाल सरकाले अपाङ्गता भएका व्यक्तिहरुको लागि विद्यमान नीति र कानून अनुसार हालसम्म प्रदान गर्दै आएका विभिन्न सेवा, सुविधा, अवसर र सहुलियतहरु (संक्षेपमा)

१. गंभिरताको आधारमा गरिएको अपाङ्गताको वर्गीकरण अनुसार चार प्रकारका परिचयपत्र (रातो, नीलो, पहेँलो र सेतो) प्रदान गर्ने व्यवस्था छ । उक्त परिचयपत्र हरेक जिल्लाको महिला तथा वालवालिका कार्यालयवाट प्राप्त गर्न सकिन्छ

२. सरकारी विद्यालय तथा क्याम्पसहरुमा नि:शुल्क शिक्षाको व्यवस्था छ ।(अपांग संरक्षण तथा कल्याण ऐन २०३९)

३. शैक्षिक छात्रवृत्तीको व्यवस्था । २०६८/६९ को वजेट भाषण अनुसार सवै अपाङ्गता भएका वालवालिकालाई छात्रवृत्ती प्रदान गर्ने भनिएको छ ।( शिक्षा नियमावली २०५९)

४. विषेश शिक्षाको व्यवस्था । हाल काठमाडौ, भक्तपुर, ललितपुर, अर्घाखाँची, झापा, मोरङ्ग, धनुषा, सुनसरी, सप्तरी, काश्की, रूपन्देही, सुर्खेत, कैलाली, काभ्रे, बाँके, बाग्लुङ्ग, चितवन, सिराहा, महोत्तरी गरि १९ जिल्लामा ३४ वटा यस्ता विषेश कक्षाहरु संचालित छन ।(विशेष शिक्षा नीति २०५३)

५. प्राविधिक शिक्षा तथा तालिममा अपाङ्गता भएका व्यक्तिलाई केहि रकम छात्रवृत्ती स्वरूप प्रदान गर्ने व्यवस्था ।

६. शरीरिक कठीनाइको कारणले परीक्षामा निर्धारित समयमा लेख्न नसक्ने ठहर गरिएका अपाङ्गता भएका व्यक्तिको लागि वढीमा १ घण्टा ३० मिनेट सम्म समय थप दिन सकिने व्यवस्था । (शिक्षा नियमावली २०५९)

७. दृष्टिविहिन विद्यार्थीलाई परीक्षामा लेख्न सहयोगी प्रदान गर्ने व्यवस्था । (विशेष शिक्षा संचालन निर्देशिका २०६०)

८. नेपाल टेलीभिजनमा कार्यरत अपाङ्गता भएका व्यक्ति तथा उनिहरुका छोराछोरीलाइ छात्रवृत्तीको व्यवस्था । ( वार्षीक वजेट वाट व्यवस्था गरिएको)

९. उच्च शिक्षा अध्ययनका लागि अपाङ्गता भएका व्यक्तिहरुलाई छात्रवृत्ती आरक्षणमा २ प्रतिशत आरक्षणको व्यवस्था । (छात्रवृत्ती सम्वन्धी नियमावली २०६०, चौथो संशोधन २०६७)

१०. निशुल्क स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था, अपांगता भएका व्यक्तिहरूको लागि शैया आरक्षित गर्नुपर्ने र ४१ प्रकारका औषधीहरु निशुल्क प्रदान गर्ने व्यवस्था । (अपांग संरक्षण तथा कल्याण ऐन २०३९ र नियमावली २०३९)

११. निजामति सेवामा ५ प्रतिशत आरक्षणको व्यवस्था ( निजामति सेवा ऐन २०४९ )

१२. निजी क्षेत्रमा संचालित कलकारखानाहरुमा २५ जना भन्दा वढी मजदुर नियुक्ति गर्दा ५ प्रतिशतमा नघटाई अपांगता भएका व्यक्तिलाई कोटा छुट्याउनु पर्ने । (अपांग संरक्षण तथा कल्याण ऐन २०३९ र नियमावली २०५१)

१३. शिक्षा सेवामा अपांगता भएका व्यक्तिलाई आरक्षणको व्यवस्था । (शिक्षा ऐन २०२८ को नविनतम संशोधन २०६५ )

१४. दृष्टिविहिनहरुका लागि उद्योग मन्त्रालय मार्फत स्वरोजगार कार्यक्रम । २०६७ र ०६८ को स्वीकृत कार्यक्रम ।

१५. निजामति सेवामा रहेको अवस्थामा कुनै कारणले काम गर्न नसक्ने भएमा विशेष व्यवस्था तथा अशक्त वृत्तीको व्यवस्था ।

१६. जिल्लामा रहेका सरकारी तालिम केन्द्रहरु मार्फत अपांगता भएका व्यक्तिहरुको लागि नि:शुल्क व्यावसायिक तालिमको व्यवस्था ।(अपांग संरक्षण तथा कल्याण ऐन २०३९)

१७. हवाई यातायातमा (घरेलु उडानमा मात्र) अपांगता भएका व्यक्तिलाई ५० प्रतिशत भाडामा छुटको व्यवस्था । (अपांग संरक्षण तथा कल्याण ऐन २०३९)

१८. १५ जना भन्दा वढी यात्रु क्षमता भएका सार्वजनिक सवारीका साधनमा अपांगता भएका व्यक्तिहरूका लागि सीट आरक्षणको व्यवस्था । (अपांग संरक्षण तथा कल्याण ऐन २०३९)

१९. अपांगता भएका व्यक्तिले प्रयोग गर्ने चार पाङ्ग्रे विशेष प्रकारको स्कुटरमा भन्सार छुटको व्यवस्था । (वजेट वक्तव्य २०६५/०६६ देखी निरन्तर)

२०. सार्वजनिक संरचनाहरू भौतिक रुपमा अपांगता मैत्री वनाउनु पर्ने व्यवस्था । (भवन निर्माण आचार संहिता २०६०)

२१. अपांगता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्रीहरूमा भन्सार छुटको व्यवस्था । (अपांग संरक्षण तथा कल्याण ऐन २०३९)

२२. अपांगता सम्वन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ मा अपांगता भएका व्यक्तिहरूलाई सहायक सामग्रीहरु प्रदान गर्नुपर्ने व्यवस्था ।

२३. स्थानीय विकास मन्त्रालयले जिल्ला, गा.वि.स. नगरापालिकाहरुको लागि जारी गरेका पुँजीगत अनुदान संचालन कार्यविधिमा अपांगता क्षेत्रमा वजेट छुट्टयाउनुपर्ने व्यवस्था ।

२४. अपांगता भएका व्यक्तिहरूको लागि सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था । पूर्ण अशक्त अपांगता भएका सवैलाई रु. १००० मासिक र अन्यलाई तोकिएको कोटाको आधारमा रु.३०० मासिक । ( स्थानीय विकास मन्त्रालय, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५)

२५. घरजग्गा तथा आवास नभएका अपांगता भएका व्यक्तिलाई सरकारले व्यवस्था गरिदिने प्रावधान ।(अपांग संरक्षण तथा कल्याण ऐन २०३९)

२६. आवश्यकता अनुसार अनाथालय तथा सुस्त मनस्थिति केन्द्रहरुको संचालन ।(वालवालिका सम्वन्धी ऐन २०४८)

२७. नेपाली सेनामा कार्यरत व्यक्ति कुनै कारणले शारिरीक समस्या आइ सेवा निरन्तर गर्न नसक्ने भएमा अशक्त वृत्ती वा निवृत्ती भरणको व्यवस्था । ढ ण

२८. अपांगता भएका व्यक्ति प्रकाशक भई कुनै पत्रीका संचालन गर्ने भएमा विशेष प्राथमिकता र छुटको व्यवस्था ।

२९. शान्ति तथा पुनर्स्थापना मन्त्रालय द्वारा शसस्त्र द्वन्द्वमा अपांगता भएका व्यक्तिलाई विशेष सहयोग तथा सुविधा ।

३०. अपांगता भएका व्यक्तिलाई जग्गा रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट ।

३१. युवा तथा खेलकुद मन्त्रालयले २०६६र ६७ देखी अपांगता भएका युवाहरुको समस्या पहिचान तथा अध्ययन कार्यक्रम राख्न सुरु गरेको ।

३२. खेलकुद विकास ऐन २०४८ र खेलकुद विकास नियमावली २०४९ अनुसार अपांगता भएका व्यक्तिकोलागि विशेष खेलकुदको आयोजना गर्ने र यस विषयमा अध्ययन अनुसंधान गर्ने ।

३३. अपांग संरक्षण तथा कल्याण नियमावली २०५१ अनुसार आवश्यकता परेमा अपांगता भएका व्यक्तिलाई सरकारले निशुल्क कानूनी सेवा उपलब्ध गराउने प्रावधान रहेको छ ।

३४. अपांगता भएका व्यक्तिहरुलाई करमुक्त आयको दायरा सामान्य व्यक्तिको भन्दा ५० ले वृद्धि गरिएको । ( आयकर ऐन २०५८, नयाँ संशोधन २०६५)

३५. नेपाल सरकार महिला वालवालिका तथा समाजकल्याण मन्त्रालयले ७५ वटै जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गरेको छ र यो कार्यक्रम जिल्लामा कार्यरत अपांगता अधिकारको लागि काम गर्ने संस्था मार्फत नै संचालन गरिएको छ ।